**आकाशवाणी समाचार- नेपाली**
**मितिः १३ मई २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदी शुक्रवारदेखि पांच देशहरुको यात्रामा प्रस्थान गर्नुहुनेछ।

- महाराष्ट्रको सांगली जिल्लाको जाट तहसीलमा भएको घटनाप्रति प्रधानमन्त्री नरेन्द्र मोदीले गहिरो दुःख व्यक्त गर्नु हुँदै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नु भएको छ।

- तमिलनाडुमा जोसेफ विजयको नेतृत्वमा रहेको नवनिर्वाचित टीभीके सरकारले आज विधानसभामा आफ्नो बहुमत प्रमाणित गर्नु पर्नेछ।

- केन्द्रीय अनुसन्धान ब्यूरो (सीबीआई) ले कथित नीट  पेपर लीकको सम्बन्धमा शुभम खैरनारलाई आफ्नो हिरासतमा लिएको छ।

- मौसम विभागले आज राजस्थानमा गर्मीको लहरको अवस्थाको लागि रेड अलर्ट जारी गरेको छ।

**प्रधानमंत्री पांच देशों की यात्रा**

प्रधानमंत्री नरेन्द्र मोदी शुक्रवारदेखि पांच देशहरुको यात्रामा प्रस्थान गर्नुहुनेछ। पहिलो चरणमा उहाँ संयुक्त अरब अमीरात पुग्नु हुनेछ अनि राष्ट्रपति शेख मोहम्मद बिन जायद अल नह्यानसित भेट गर्नु हुनेछ। दुइ नेताले द्विपक्षीय मुद्दाहरुमाथि विचार विमर्श गर्नेछन्। विशेष रूपले ऊर्जा सहयोग तथा परस्पर हितको क्षेत्रीय अनि अंतराष्ट्रीय मुद्दाहरुमा पनि बातचीत हुनेछ। द्विपक्षीय कार्यनीतिक साझेदारी बढाउने उपायहरुमा पनि विचार विमर्श हुनेछ।

Byte

विदेश मंत्रालयले भनेको छ, प्रधानमंत्री मोदीको पांच देशहरुको यात्राले यूरोप सित भारतको साझेदारी बलियो हुनेछ। विशेषगरी व्यापार अनि हालमा भएको भारत-यूरोपीय संघ मुक्त व्यापार समझौता पछि निवेश संबंध बढ़ने छ।

**महाराष्ट्र - दुर्घटना**

महाराष्ट्रको सांगली जिल्लाको जाट तहसीलमा हिजो धार्मिक जमघटको क्रममा पर्खाल भत्किँदा 6 जना श्रद्धालुको मृत्यु भएको छ भने लगभग १५ जना घाइते भएका छन्। घाइतेहरूलाई जाट र सांगलीका नागरिक अस्पतालहरूमा भर्ना गरिएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नु भएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै श्री मोदीले घटनामा ज्यान गुमाउनु परेकोमा गहिरो दुःख व्यक्त गर्नुभएको छ। उहाँले शोकसन्तप्त परिवारहरूसँग समवेदना व्यक्त गर्नु भएको छ।

**धर्मेन्द्र प्रधान**

शिक्षा मन्त्रालयले हिज नयाँ दिल्लीमा "भारत नवप्रवर्तन २०२६" सम्बन्धी उच्चस्तरीय कूटनीतिक बैठक आयोजना गरेको छ। यो विश्वव्यापी नवप्रवर्तन कार्यक्रम भारत-फ्रान्स नवप्रवर्तन वर्षको एक भागको रूपमा अर्को वर्ष जुन १४ देखि १६ सम्म फ्रान्सको नाइसमा आयोजना हुनेछ। बैठकमा धेरै देशका राजदूतहरू, उच्चायुक्तहरू, कूटनीतिज्ञहरू र सरकारी अधिकारीहरूले भाग लिएका थिए।

कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै शिक्षामन्त्री धर्मेन्द्र प्रधानले भन्नु भयो, भारत अब केवल प्रविधि बजार मात्र होइन, तर प्रविधि विकासकर्ता र विश्वको लागि एक विश्वसनीय साझेदार बन्दै गएको छ। उहाँले भन्नु भयो, नवप्रवर्तन देशको लागि प्राथमिकतामा परेको छ, र राष्ट्रिय शिक्षा नीति २०२० र अटल नवप्रवर्तन मिसन जस्ता पहलहरूले युवाहरूमा नयाँ सोच र उद्यमशीलतालाई प्रवर्द्धन गरिरहेका छन्।

**तमिलनाडु-फ्लोर टेस्ट**

तमिलनाडुमा जोसेफ विजयको नेतृत्वमा रहेको नवनिर्वाचित टीभीके सरकारले आज विधानसभामा आफ्नो बहुमत प्रमाणित गर्नु पर्नेछ। मुख्यमन्त्री सी. जोसेफ विजयले विधानसभामा विश्वासको मत लिनुअघि समर्थन जुटाउन सहयोगी दलका नेताहरूसँग बैठक गरिरहेका छन्। सहयोगीहरूको समर्थनका साथै, टीभीके सरकारलाई एआईएडीएमकेबाट अलग भएको गुटको समर्थन पनि छ। टीभीके लाई अब विधानसभामा लगभग १५० विधायकहरूको समर्थन छ।

यसैबीच, हिजो तमिलनाडुको राजनीतिक परिस्थितिले नाटकीय मोड लियो जब अखिल भारतीय अन्ना द्रविड मुन्नेत्र कझगम सरकारलाई समर्थन गर्ने कि नगर्ने भन्ने विषयमा दुई गुटमा विभाजित भयो। पूर्व मुख्यमन्त्री तथा पार्टी महासचिव एडाप्पाडी के. पलानीस्वामीको नेतृत्वमा रहेको गुटले पार्टीका विधायकहरूलाई टीभीके सरकारलाई समर्थन नगर्न निर्देशन दिएको छ। वरिष्ठ नेता आग्री कृष्णमूर्तिले चेतावनी दिएका छन् कि पार्टी ह्विप उल्लङ्घन गर्ने कुनै पनि विधायकलाई पार्टीबाट निष्कासन गरिनेछ। ३० विधायकहरूको समर्थन दाबी गर्ने अर्को गुटले एस.पी. वेलुमानीलाई एआईएडीएमके विधान दलको नेताको रूपमा चयन गरेको छ। अम्मा मक्कल मुन्नेत्र कझगमका एकमात्र विधायक एस कामराजले टीभीके सरकारलाई समर्थन घोषणा गरेपछि पार्टीबाट निष्कासित गरिएको छ।

**सरकार- जीडीपी**

सरकारले कुल घरेलु उत्पादन जीडीपी- को अस्थायी अनुमान र चौथो त्रैमासिक जीडीपी- को त्रैमासिक अनुमान प्रत्येक वर्ष मई महिनाको अन्तिम कार्य दिनबाट जुन ७ सम्म जारी गर्ने मिति परिमार्जन गरेको छ। तथ्याङ्क तथा कार्यक्रम कार्यान्वयन मन्त्रालयले जुन ७ मा बिदा परेको खण्डमा, अस्थायी अनुमान अघिल्लो कार्य दिनमा जारी गरिने बताएको छ। मन्त्रालयले तथ्याङ्कको गुणस्तरलाई अझ सुदृढ पार्ने उद्देश्यले यो परिवर्तन गरिएको बताएको छ।

**नीट- पक्राउ**

केन्द्रीय अनुसन्धान ब्यूरो (सीबीआई) ले कथित नीट पेपर लीकको सम्बन्धमा शुभम खैरनारलाई आफ्नो हिरासतमा लिएको छ। राजस्थान पुलिसको अनुरोधमा शुभमलाई हिजो महाराष्ट्रको नासिकबाट नासिक पुलिसको अपराध शाखा इकाईले हिरासतमा लिएको थियो। यस महिनाको ३ तारिखमा आयोजित मेडिकल कलेजहरूमा स्नातक पाठ्यक्रमहरूमा भर्नाको लागि नीट (UG) २०२६ परीक्षा, पेपर लीकको आरोपको बीचमा हिजो रद्द गरिएको थियो। सरकारले सीबीआईलाई अनियमितताको व्यापक जाँच गर्न भनेको छ।सम्बन्धित घटनाक्रममा, नीट – युजी २०२६ का एक उम्मेदवारका अभिभावकले लातूर एसपी कार्यालयमा उजुरी दर्ता गरेका छन्, जसमा एक निजी कोचिङ संस्थानले परीक्षा अघि नक्कली परीक्षा सञ्चालन गरेको आरोप लगाइएको छ जसमा ४२ प्रश्नहरू वास्तविक नीट पेपरमा सोधिएका प्रश्नहरूसँग मेल खान्छ। एसपी अमोल ताम्बेले उप-विभागीय पुलिस अधिकारीलाई तत्काल अनुसन्धान गर्न र दोषी ठहरिएकाहरू विरुद्ध कानुनी कारबाही सुरु गर्न निर्देशन दिएका छन्।

**भारत-आईएफएडी**

भारत सरकार अनि अन्तर्राष्ट्रिय कृषि कोषले २०२६ देखि २०३३ सम्म समेट्ने नयाँ आठ वर्षीय देश रणनीतिक अवसर कार्यक्रम सुरु गरेको छ।यस कार्यक्रमको उद्देश्य ग्रामीण आय बढाउने, जनताको क्षमता सुदृढ पार्ने र देशभर दिगो जीविकोपार्जनका अवसरहरू विस्तार गर्ने रहेको छ। कार्यक्रममा बोल्दै आर्थिक मामिला सचिव अनुराधा ठाकुरले भारत-आईएफएडी साझेदारी दीर्घकालीन मात्र नभई रणनीतिक तालमेलले पनि चित्रण गर्ने बताउनु भयो।

**भारत- भुटान**

भारत-भुटान सम्बन्धलाई अझ सुदृढ बनाउने मुख्य उद्देश्यका साथ लोकसभा अध्यक्ष ओम बिर्लाको नेतृत्वमा उच्चस्तरीय भारतीय संसदीय प्रतिनिधिमण्डल आजदेखि भुटानको भ्रमणमा जानेछन्। ५१ सदस्यीय प्रतिनिधिमण्डलमा राज्यसभा र लोकसभाका संसद सदस्यहरू र विदेश मन्त्रालयका अधिकारीहरू समावेश छन्। प्रतिनिधिमण्डलले भुटान-भारत सम्बन्धका विभिन्न पक्षहरू र दुई छिमेकी देशहरू बीचको सहयोग बढाउने तरिकाहरूबारे छलफल गर्नेछ। भ्रमणको क्रममा प्रतिनिधिमण्डलले भुटानका राजा र प्रधानमन्त्रीलाई पनि भेट्नेछन्।

**बंगाल- कानुन व्यवस्था**

पश्चिम बंगालमा भारतीय जनता पार्टीको सरकार आएपछि, राज्य पुलिसले कानून व्यवस्था र राजनीतिक हिंसामा कडा अडान लिएको छ। अतिरिक्त पुलिस महानिदेशकले सबै पुलिस आयुक्तहरू, पुलिस अधीक्षकहरू र रेलवे पुलिस अधिकारीहरूलाई धेरै महत्त्वपूर्ण निर्देशनहरू जारी गरेका छन्। यी निर्देशनहरूले २०२१ को विधानसभा चुनावपछि भएका हिंसाका सबै घटनाहरूको नयाँ जाँच गर्ने आदेश दिइएको छ। लापरवाही पाइएका मुद्दाहरूको पुन: जाँच गरिनेछ। त्यस समयमा दर्ता गरिएका उजुरी र सामान्य डायरीहरूको पनि पुन: जाँच गरिनेछ।

**मौसम**

मौसम विभागले आज राजस्थानमा गर्मीको लहरको अवस्थाको लागि रेड अलर्ट जारी गरेको छ। गुजरात, महाराष्ट्र र पश्चिम मध्य प्रदेशमा पनि भोलिसम्म गर्मीको लहरको अवस्था रहने अनुमान गरिएको छ। मौसम विभागले तटीय कर्नाटकमा दिनभरि तातो र आर्द्र मौसमको पूर्वानुमान गरेको छ।मौसम विभागले आज देशको उत्तरपूर्वी भागहरू, अण्डमान र निकोबार टापुहरूमा भारी देखि धेरै भारी वर्षाको पनि पूर्वानुमान गरेको छ।